: .. प्र.प्र.मु.स
कानून मन्त्रालयको लागि प्रकाशन का. का
४६१३७/

२३१८
०८२।३।१४

नेपाल सरकार
सहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

२
२१९५

**विषयः** अत्यन्त जोखिमयुक्त भूकम्प प्रभावित क्षेत्रका वासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गरी अस्थायी आवासको व्यवस्था गर्ने ।

**प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः- २०७२/०३/१४**

१. **विषयको संक्षिप्त व्यहोराः-**

मिति २०७२।०१।१२ गते आएको विनासकारी भूकम्प र त्यसपछिका पराकम्पनबाट अत्यन्त जोखिमयुक्त भूकम्प प्रभावित क्षेत्रका वासिन्दालाई अन्यत्र वसोवास गराउनको लागि भूकम्पपीडितहरुको अस्थायी आवास, राहत वितरण तथा सोको अनुगमनसम्बन्धी कार्यदिशको दफा २ मा व्यवस्था भएको १८ जिल्ला (गोरखा, धादिङ, रसुवा, नुवाकोट, काठमाडौं, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, ओखलढुंङ्गा, खोटाङ, मकवानपुर, लम्जुङ, चितवन, सोलुखुम्वु र तनहुँ ) का सम्बन्धित संसदीय निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित संविधानसभाका सदस्य संयोजक रहेको समितिले तयार गरेको प्रतिवेदन र प्रत्येक निर्वाचन क्षेत्रमा खटिएका भूगर्भविद्हरुको टोलीले तयार पारेको प्रतिवेदनलाई समेत एकीकृत गरी अस्थायी वस्ती स्थानन्तरणको लागि तयार भएको अनुसूची १ बमोजिमको वस्तीलाई गृह मन्त्रालयबाट प्राप्त राय परामर्श बमोजिमको शर्तमा अस्थायी वस्ती स्थानास्तरण गरी तत्काल वसोवास मिलाउन आवश्यक देखिएको हुँदा संलग्न अनुसूची अनुसार वस्ती स्थानान्तरण गर्ने व्यवस्था जिल्ला दैवी प्रकोप उद्धार समितिले तत्काल व्यवस्था मिलाई यस मनसुनमा आउन सक्ने वाढी पहिरो तथा प्राकृतिक प्रकोपबाट सृजित हुन सक्ने समस्याबाट जोगाउने व्यवस्था गरी स्थानीय जनताको जिउ धनको सुरक्षा गर्न आवश्यक भएकोले नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय हुन आवश्यक भएको छ ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः**

विनासकारी भूकम्प र त्यसपछिका पराकम्पनबाट अत्यन्त जोखिमयुक्त भूकम्प प्रभावित क्षेत्रका वासिन्दालाई अन्यत्र वसोवास गराउनको लागि भूकम्पपीडितहरुको अस्थायी आवास, राहत वितरण तथा सोको अनुगमनसम्बन्धी कार्यदिशको दफा २ मा व्यवस्थाभएको १८ जिल्ला (गोरखा, धादिङ, रसुवा, नुवाकोट, काठमाडौं, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, ओखलढुंङ्गा, खोटाङ, मकवानपुर, लम्जुङ, चितवन, सोलुखुम्वु र तनहुँ ) का सम्बन्धित संसदीय निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित संविधानसभाका सदस्य संयोजक रहेको समितिले तयार गरेको प्रतिवेदन र प्रत्येक निर्वाचन क्षेत्रमा खटिएका भूगर्भविद्हरुको टोलीले तयार पारेको प्रतिवेदनलाई समेत एकीकृत गरी भूकम्प पीडीतहरुको अस्थाई आवास, राहत वितरण तथा सोको अनुगमन सम्बन्धी कार्यदिशको (ङ) मा व्यवस्था भए अनुसार केन्द्रीय तहमा उपर्युक्त समितिको सिफारिस संयोजन गर्न र समितिको काममा अनुगमन गर्न गठित समितिबाट अनुसूची १ मा व्यवस्था भए अनुसारको अस्थायी वस्ती स्थानन्तरणको सम्बन्धमा अस्थायी वसोवासका लागि स्थान पहिचान भै आएकोमा सोही बमोजिम र स्थान पहिचान हुन नसकेको स्थानमा जिल्ला दैवी प्रकोप उद्धार समितिले तोकेको स्थानमा अस्थायी वस्ती स्थानान्तरण गर्ने निर्णय हुनको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव लैजान मिति २०७२।०३।०८ मासिफारिस भएको छ ।निर्णयको प्रतिलिपि संलग्न रहेको छ । सोही विषयमा गृह मन्त्रालयको प.सं. ०७१।७२ च.नं. ६९० मिति २०७२।०३।१३ को पत्रबाट समेत समितिको निर्णयानुसार अस्थाई बसोवासको व्यवस्था सुरक्षित स्थानमा देहाय बमोजिमको शर्तहरुमा व्यवस्थापन गर्न सहमति प्राप्त भएको छ ।गृह मन्त्रालयको पत्र समेत संलग्न रहेको छ ।

१. अस्थायी बसोबासको लागि प्राविधिक टोलीको सिफारिशमा पहिचान भएका सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।

२. जोखिमयुक्त वस्तीका कुनै पनि परिवारको अन्यत्र कतै बसोवास योग्य निजी जग्गा भए सोही स्थानमा नै बसोवास गर्न लगाउने ।

३. यसरी स्थानान्तरण गर्दा सार्वजनिक/ सरकारी /पर्ती खाली जग्गालाई पहिलो प्राथमिकता दिने ।

४. सरकारी पर्ती जग्गा नभएमा रुख विरुवा कटान नहुने गरी न्यूनस्तरको वन (Degraded forest) क्षेत्रलाई प्रयोग गर्ने ।

५. उक्त बमोजिमको कुनै पनि सुरक्षित जग्गा उपलब्ध हुन नसकेमा व्यक्तिगत जग्गा भाडामा लिने र सोको भुक्तानी जिल्ला दैवी प्रकोप उद्धार कोषबाट गर्ने।

६. यसरी स्थानान्तरण गर्नुपर्ने परिवारलाई अस्थायी आश्रयस्थल वापत सरकारले रु. १५,०००/- उपलब्ध गराएको भएमा सोही रकमबाट अस्थायी आश्रयस्थल वनाउन लगाउने ।

७. यस्तो अस्थायी आश्रयस्थलको सुविधा नपाउने परिवार भएमा सुरक्षा निकाय परिचालन गरी स्थानीय सामाग्री तथा जस्तापाता जस्ता सामाग्री प्रयोग गरी अस्थायी टहरा निर्माण गर्ने । सो कार्यमा कुनै संघ संस्थाले सहयोग गर्ने अवस्था भएमा त्यस्तो सहयोग परिचालन गर्ने । सो हुन नसकेमा आवश्यक न्यूनतम रकम जिल्ला दैवी प्रकोप उद्धार कोषबाट व्यहोर्ने ।

८. यसरी अस्थायी वसोवास व्यवस्था गर्दा पहिल्यै नै बाढी पहिरो गई विस्थापित भएका परिवारलाई उनीहरुको स्थायी वसोवासको प्रवन्ध नभएसम्मको र जोखिम संभावित क्षेत्रका वासिन्दाका हकमा उक्त जोखिमको संभावना टरेपछि पुरानै वासस्थानमा पर्कने गरी अस्थायी आश्रयको अवधि तोकिनु पर्ने ।

साथै जोखिमयुक्त भूकम्प प्रभावित क्षेत्रका वासिन्दालाई तत्काल सुरक्षित स्थानमा स्थानन्तरण गरी अन्यत्र अस्थायी वसोवास गराउनकोलागि भूकम्प पीडितहरुको अस्थायी आवास क्षेत्र पहिचान गरी सिफारिस गर्न, सम्बन्धित संसदीय निर्वाचनक्षेत्रबाट प्रत्यक्ष निर्वाचित संविधानसभाका सदस्य संयोजक रहेको समिति र खानी तथा भूगर्भ विभागका महानिर्देशक संयोजक रहेको भूगर्भविद्हरुको टोलीले केही जिल्लाहरुका केही स्थानहरुको सम्बन्धमा अन्तिम प्रतिवेदन तयार गरी पेश गर्न बाँकी रहेको हुँदा सोको सिफारिस भै आएपछि पुनः नेपाल सरकार (मन्त्रिपरिषद्) बाट थप स्थानको अस्थायी वस्ती स्थानान्तरणको सम्बन्धमा निर्णय गर्नुपर्ने अवस्था रहेको छ ।

## ३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिसः

मिति २०७२।०१।१२ गते आएको विनासकारी भूकम्प र त्यसपछिका पराकम्पनबाट अत्यन्त जोखिमयुक्त भूकम्प प्रभावित क्षेत्रका वासिन्दालाई अन्यत्र वसोवास गराउनको लागि भूकम्पपीडितहरुको अस्थायी आवास, राहत वितरण तथा सोको अनुगमनसम्बन्धी कार्यदिशको दफा २ मा व्यवस्थाभएको १८ जिल्ला (गोरखा, धादिङ, रसुवा, नुवाकोट, काठमाडौं, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, ओखलढुंङ्गा, खोटाङ, मकवानपुर, लम्जुङ, चितवन, सोलुखुम्वु र तनहुँ ) का सम्बन्धित संसदीय निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित संविधान सभाका सदस्य संयोजक रहेको समितिले तयार गरेको प्रतिवेदन र प्रत्येक निर्वाचन क्षेत्रमा खटिएका भूगर्भविद्हरुको टोलीले तयार पारेको प्रतिवेदनलाई समेत एकीकृत गरी अस्थायी वस्ती स्थानन्तरणको लागि सो कार्यदिशको (ङ) मा व्यवस्था भए अनुसार केन्द्रिय तहमा उपर्युक्त समितिको सिफारिस संयोजन गर्न र समितिको काममा अनुगमन गर्न गठित समितिबाट अनुसूची १ मा व्यवस्था भए अनुसारको अस्थायी वस्ती स्थानन्तरणको लागि सिफारिस तयार भएको र सो सम्बन्धमा गृह मन्त्रालयबाट प्राप्त हुन आएको राय परामर्श बमोजिम जिल्ला दैवी

प्रकोप उद्धार समितिले विनासकारी भूकम्प र त्यसपछिका पराकम्पनबाट अत्यन्त जोखिमयुक्त भूकम्प प्रभावित क्षेत्रका वासिन्दालाई सिफारिस भए अनुसारको सुरक्षित स्थानमा अस्थायी वसोवासको व्यवस्था मिलाउनको लागि स्वीकृति प्राप्त गर्ननेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०७२।०३।१४ मा स्वीकृति प्राप्त भए बमोजिम नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषय संख्या १६ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४.**निर्णय हुनु पर्ने व्यहोरा:**

विनासकारी भूकम्प र त्यसपछिका पराकम्पनबाट अत्यन्त जोखिमयुक्त भूकम्प प्रभावित क्षेत्रका वासिन्दालाई अन्यत्र वसोवास गराउनको लागि भूकम्प पीडितहरुको अस्थायी आवास, राहत वितरण तथा सोको अनुगमन सम्बन्धी कार्यदिशको दफा २ मा व्यवस्था भएको १८ जिल्ला (गोरखा, धादिङ, रसुवा, नुवाकोट, काठमाडौं, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, ओखलढुंङ्गा, खोटाङ, मकवानपुर, लम्जुङ, चितवन, सोलुखुम्वु र तनहुँ ) का सम्बन्धित संसदीय निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित संविधान सभाका सदस्य संयोजक रहेको समितिले तयार गरेको प्रतिवेदन र प्रत्येक निर्वाचन क्षेत्रमा खटिएका भूगर्भविद्हरुको टोलीले तयार पारेको प्रतिवेदनलाई समेत एकीकृत गरी भूकम्प पीडीतहरुको अस्थाई आवास, राहत वितरण तथा सोको अनुगमन सम्बन्धी कार्यदिशको (ङ) मा व्यवस्था भए अनुसार केन्द्रिय तहमा उपर्युक्त समितिको सिफारिस संयोजन गर्न र समितिको काममा सहजीकरण तथा अनुगमन गर्न गठित समितिबाट संलग्न अनुसूची १ बमोजिम सिफारिस भए अनुसारका देहायका शर्तहरुको अधिनमा रहि जोखिमयुक्त वस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी अस्थायी वसोवासको व्यवस्था सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिले यथाशिघ्र व्यवस्था मिलाउने ।

१. अस्थायी बसोबासको लागि प्राविधिक टोलीको सिफारिसमा पहिचान भएका सुरक्षित स्थानमा सम्भव भएसम्म सम्बन्धित समुदायको सहमतिमा स्थानान्तरण गर्ने व्यवस्था जिल्ला दैवीप्रकोप उद्धार समितिले १५ दिनभित्र गर्ने।

२. प्राविधिक टोलीले सिफारिस नगरेको बस्ती सार्नुपर्ने वा सिफारिस गरेको बस्ती सार्नु नपर्ने देखिएमा जिल्ला दैवीप्रकोप उद्धार समितिले त्यस्तो निर्णय गर्ने ।

३. यसरी स्थानान्तरण गर्दा सार्वजनिक/ सरकारी /पर्ती खाली जग्गालाई पहिलो प्राथमिकता दिने ।

४. सरकारी पर्ती जग्गा नभएमा रुख विरुवा कटान नहुने गरी न्यूनस्तरको वन (Degraded forest) क्षेत्रलाई प्रयोग गर्ने ।वन क्षेत्रको जग्गा प्रयोग गर्दा जिल्ला वन कार्यालयसंग समन्वय गर्ने ।

५. उक्तबमोजिमको कुनै पनि सुरक्षित जग्गा उपलब्ध हुन नसकेमा व्यक्तिगत जग्गा भाडामा लिने र सोको भुक्तानी जिल्ला दैवी प्रकोप उद्धार कोषबाट गर्ने।

६. त्यसरी स्थानान्तरण गर्नुपर्ने परिवारलाई स्थानान्तरण भई जाने स्थानमा पाल वा अस्थायी आश्रयस्थलको व्यवस्था गृह मन्त्रालयले सुरक्षा निकायको सहयोगमा गर्ने ।

७. स्थानान्तरित बस्तीमा खाद्यान्न आपूर्ती व्यवस्था जिल्ला दैवीप्रकोप उद्धार समितिले मिलाउने।

८. अस्थायी स्थानान्तरण गर्ने कार्यमा कुनै संघ संस्थाले सहयोग गर्ने अवस्था भएमा त्यस्तो सहयोग परिचालन जिल्ला दैवीप्रकोप उद्धार समितिले गर्ने ।

९. अस्थायी वसोवास व्यवस्था गर्दा पहिले नै बाढी पहिरो गई विस्थापित भएका परिवारलाई उनीहरूको स्थायी वसोवासको प्रवन्ध नभएसम्म र जोखिम सम्भावित क्षेत्रका वासिन्दाका हकमा उक्त जोखिमको सम्भावना टरेपछि पुरानै वासस्थानमा फर्कने गरी अस्थायी आश्रयको अवधि जिल्ला दैवीप्रकोप उद्धार समितिले तोक्ने।

१०. सडक यातायात पुगेको ठाउँमा मानिस स्थानान्तरण गर्ने र सामग्री ढुवानीको व्यवस्था नेपाल प्रहरी र सशस्त्र प्रहरीबलले गर्ने र सडक नपुगेको स्थानबाट मानिस तथा सामग्री ओसार पसार कार्य नेपाली सेनाले गर्ने ।

११. स्थानान्तरण गर्न आवश्यक सबै कार्यमा निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली परिचालन गर्ने।

१२. आवश्यकताको आधारमा विद्यालय, विद्युत, खानेपानी, शौचालय र स्वास्थ्य सेवाको व्यवस्था क्रमशः शिक्षा, ऊर्जा, सहरी विकास र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने ।

१३. जिल्ला दैवीप्रकोप उद्धार समितिको मागबमोजिम प्राविधिक जनशक्ति सम्बद्ध मन्त्रालय मार्फत तुरुन्त खटाउने व्यवस्था सामान्य प्रसासन मन्त्रालयले मिलाउने ।

१४. मं.प.बै.सं. ११।०७२ मिति २०७२/२/२ को मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत भूकम्प पीडितहरूको अस्थायी आवास, राहत वितरण तथा सोको अनुगमनसम्बन्धी कार्यदिशामा देहायबमोजिम संशोधन गर्ने ।

क) कार्यदिशको क्रमसङ्ख्या २. को खण्ड (ङ) मा प्रस्तावित समितिको सट्टा देहायको केन्द्रीय कार्यान्वयन, सहजिकरण तथा अनुगमन समिति गठन गर्ने —

माननीय उपप्रधान एवं गृहमन्त्री — संयोजक

१. माननीय उपप्रधान एवं सङ्घीय मामिला तथा स्थानीय विकासमन्त्री — सदस्य
२. माननीय सहरी विकासमन्त्री — सदस्य
३. माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग — सदस्य
४. मुख्यसचिव, नेपाल सरकार — सदस्य
५. सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य
६. सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय — सदस्य
७. सचिव, ऊर्जा मन्त्रालय — सदस्य
८. सचिव, गृह मन्त्रालय — सदस्य
९. सचिव, रक्षा मन्त्रालय — सदस्य
१०. सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — सदस्य
११. सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — सदस्य
१२. सचिव, शिक्षा मन्त्रालय — सदस्य
१३. सचिव, सहरी विकास मन्त्रालय — सदस्य
१४. सहसचिव, गृह मन्त्रालय (विपद् व्यवस्थापन महाशाखा) — सदस्य सचिव

ख) कार्यदिशको क्रमसङ्ख्या २. को खण्ड (ङ) पछि देहायबमोजिमको खण्ड (ङ.१) र (ङ.२) थप गर्ने —

(ङ.१) खण्ड (ङ) बमोजिमको समितिले बस्ती अस्थायी स्थानान्तरसम्बन्धी काम गर्दा आई पर्ने सबै काम गर्ने ।

(ङ.२) उक्त समितिले बस्ती स्थानान्तरणका लागि जुनसुकै मन्त्रालय वा सुरक्षा निकायको जनशक्ति र स्रोत साधन परिचालन गर्न सक्नेछ । समितिले संलग्न १५ जिल्लासमेत अन्य जिल्लाको प्रतिवेदन प्राप्त भएपछि बस्ती स्थानान्तरणसम्बन्धी आवश्यक निर्णय लिने ।

१५. जिल्लाभित्र सुरक्षित बस्ती बसाउन सम्भव नभई अति आवश्यक अवस्था आइपरेमा मात्र जिल्ला बाहिर अस्थायी स्थानान्तरण गर्ने । यस्तो अवस्थामा घर परिवार सङ्ख्या यकिन गरी जिल्ला दैवी प्रकोप उद्धार समितिले केन्द्रिय कार्यान्वयन, सहजीकरण तथा अनुगमन समितिलाई सात दिनभित्र सिफारिस गर्ने ।

**मिति: २०७२।०३।१४**

नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(अर्जुन कुमार कार्की)
सचिव

श्री सचिव,
सहरी विकास मन्त्रालय ।

अत्यन्त जोखिम युक्त भूकम्प प्रभावित क्षेत्रका वासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गरी अस्थायी आवासको व्यवस्था गर्ने विषयको सहरी विकास मन्त्रालयको नं. २३/८-०७२/३/१४ को प्रस्ताव मं.प.बै.सं. २२।०७२ मिति २०७२।३।१५ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु —

<u>नेपाल सरकारको निर्णय</u> —

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लीलामणि पौड्याल)
मुख्यसचिव
२०७२।३।१५

<u>बोधार्थ तथा कार्यार्थ:</u>
श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
श्री सचिव, गृह मन्त्रालय ।